प्रदेश वन निर्देशनालय
समृद्धिको लागि वन परियोजना
प्रदेश परियोजना व्यवस्थापन इकाई
मधेश प्रदेश, जनकपुरधाम

# गुनासो निवारण संयन्त्र र व्यवस्थापन प्रक्रिया एक परिचय

## परियोजनाको परिचय

नेपाल सरकार तथा विश्व बैङ्कको संयुक्त प्रयासबाट नेपालको लुम्बिनी प्रदेश तथा मधेश प्रदेशमा दिगो वन व्यवस्थापन, साना तथा वन उद्यमहरुलाई प्रवर्धन र सहयोग परिचालनको लागि यो परियोजना वन लगानी कार्यक्रम अन्तरगत तर्जुमा भएको हो। यस परियोजना विश्व बैङ्कको ऋण तथा अनुदानमा नेपाल सरकार तथा विश्व बैङ्क बीच सन २०२१ मार्च १९ मा सम्झौता भै वन तथा वातावरण मन्त्रालय, कृषि विकास बैङ्क र विश्व बैङ्कले संयुक्त रुपमा कार्यान्वयन गर्ने परियोजना हो। यो परियोजना प्रदेश स्तरमा मधेश तथा लुम्बिनी प्रदेशमा लागु भएको छ। यस परियोजनाको केन्द्रमा केन्द्रिय परियोजना व्यवस्थापन इकाई रहेको छ भने, प्रदेश स्तरमा प्रदेश वन तथा वातावरण मन्त्रालय मातहतको प्रदेश वन निर्देशनालय अन्तर्गत प्रदेश परियोजना व्यवस्थापन इकाई रहेका छन। दुवै प्रदेशका २५–२५ गरि ५० वटा पालिकाहरुको वातावरण तथा विपद् व्यवस्थापनको लागि कार्य गर्ने शाखाले परियोजना समन्वय तथा कार्यान्वयनको लागि कार्य गर्नेछ। यसै गरी कृषि विकास बैङ्कले ऋण परिचालन गर्ने इकाईको रुपमा कार्य गरिरहेको छ। यस परियोजनाका लागि विश्व बैङ्कले २ करोड ४० लाख यु एस डलर करिब ३ अरव नेपाली रुपिया लगानी उपलब्ध गराएको छ। यसमध्ये २५.५ प्रतिशत अनुदान ६१ लाख यु एस डलर तथा ७४.५ प्रतिशत ऋण १ करोड ७९ लाख यु एस डलर सहायता रहेको छ। लगानी गर्दै जाँदा प्रतिफल तथा उपलब्धीको आधारमा थप लगानी हुने संभावना रहेको छ। समृद्धिका लागि वन परियोजना मधेश प्रदेशका कार्यक्षेत्र प्रस्तुत चित्रमा चित्रण गरिएको छ।




समृद्धिका लागि वन परियोजना, मधेश प्रदेशको कार्य क्षेत्र

## गुनासो निवारण संयन्त्र र व्यवस्थापन प्रक्रिया

### पृष्ठभूमी

समृद्धिका लागि वन परियोजनाको सहयोगमा कुनै पनि क्रियाकलाप कार्यान्यनकाको चरणमा जनताको असन्तुष्टि, सिकायत, उजुरी एवं गुनासो सुन्न, त्यसको व्यबस्थापन तथा सम्वोधन गर्न, सेवा एवं कार्यक्रममा नागरिकको पहुँच, सम्लग्नता तथा सहभागिता वृद्धि गरि नियमित रुपमा सुझाव एवं पृष्ठपोषण लिन, जनउत्तरदायी ढङ्वाट कुशलतापुर्बक, पारदर्शिता रुपमा सेवा सुविधा समयमै उपलब्ध गराउन कुनै व्यक्ती, समुदाय वा समुदायको वरिपरिको वातावरण तथा कुनै प्राकृतिक वातावरण,

वनस्पति, जैविक विविधतामा नकारात्मक असर पर्ने गरी कुनै पनि हानी वा नोक्सानी पुग्न गएको छ भने कुनै व्यक्ति वा समुदाय वा संस्थाले कुनै सुझाव वा पृष्ठपोषण दिने वा आफ्नो गुनासो पेश गर्ने अधिकारलाई यस परियोजनाले पनि आत्मसात गरेको छ। परियोजनाको सेवा सुविधामा नागरिकको पहुँच, सहभागितामा वृद्धि गरि सुशासनको प्रत्याभूति दिलाउन तिनका असन्तुष्टि, सिकायत वा उजुरी तथा गुनासो सुनुवाई तथा निर्धारणका लागि तिन तहमा सस्थागत गुनासो सुनुवाई संयन्त्रको व्यवस्था गरेको छ। यसरी स्थापित संयन्त्रका प्रत्येक तहको काम, कर्तब्य, जिम्मेवारी र उत्तरदायित्व स्पष्ट हुने व्यवस्था गरेको छ।

## गुनासो निवारण संयन्त्र तथा गुनासो पेश गर्ने निकायहरु

### क. स्थानीय स्तर सरकार

गाँउपालिका तथा नगरपालिकामा संविधानको धारा २१७ बमोजिमको एक न्यायिक समिति रहनेछ । स्थानीय गाँउ/ नगर पालिका (परियोजना लागु भएका) मा सोहि समिति नै सक्रिय रहने गरि न्यायिक समिति (उपमेयर) को अध्यक्षतामा ३ जना निर्वाचित प्रतिनिधि सहितको स्थानीय सरकार गुनासो निवारण संयन्त्र समिति हुनेछ।

#### *डिभिजन वन कार्यालय स्तर*

यस परियोजनाको कार्यक्रम कार्यान्वयन गर्ने सिलशिलामा मधेश प्रदेशका आठ वटै डिभिजन वन कार्यालयहरुवाट विभिन्न वन उपभोक्ता/ समुदाय/ समुह मार्फत गरिने हुँदा परियोजना सम्बन्धि गुनासो पर्न आएमा तत तत डिभिजन वन कार्यालयका डिभिजनल वन अधिकृत तथा तोकिएका जिम्मेवार गुनासो सुन्ने अधिकारीवाट गुनासोको सुनुवाई तथा रेकर्ड व्यबस्थापन गर्नेछ।

### ख. प्रदेश स्तर सरकार

प्रदेश गुनासो संयन्त्र समितिमा प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिवले अध्यक्षता गर्नेछन्; प्रदेश वन निर्देशनालय, महिला विकास शाखा प्रमुख/ प्रदेश सामाजिक विकास मन्त्रालय (हाल खेलकुद तथा समाज कल्याण मन्त्रालय) र अन्य नागरिक समाज संस्था सदस्य हुन सक्नेछन्। प्रदेश स्तर सरकारमा प्रदेश परियोजना व्यबस्थापन इकाईका परियोजना संयोजक गुनासो निवारण केन्द्रविन्दु रहनेछ।

### ग. संघीय स्तर सरकार केन्द्रिय परियोजना व्यबस्थापन इकाई

संघीय गुनासो संयन्त्र समितिको अध्यक्षता वन तथा वातावरण मन्त्रालयको योजना, अनुगमन तथा समन्वय महाशाखाका प्रमुखले गर्नेछन्। समृद्धीका लागि वन परियोजनाको राष्ट्रिय परियोजना निर्देशक समितिको सदस्य सचिव हुनेछन्।

## गुनासो वा सुझाव दिने माध्यम

क. मौखिक (कार्यालयमा उपस्थित भएर) वा फोन मार्फत

ख. सुझाव पेटिकामा सुझाव तथा गुनासो राखेर

ग. निवेदन दर्ता गराएर

घ. इमेल, एस. एम. एस., सामाजिक संजाल प्रयोग गरेर

ङ. पत्रपत्रिका एवं विधुतीय संचार माध्यम



## गुनासो वा सुझाव दिने तरिका

- कुनै व्यक्ती, समुदाय, सस्थाले लिखित वा मौखिक सुझाव वा कुनै गुनासो भए उक्त सूझाव वा गुनासो पेटिका मार्फत वा मौखिक रुपमा वा निवेदन मार्फत पनि दिन सक्नु हुनेछ।
- उपरोक्त गुनासो तथा निवेदन परियोजना लागु भएका स्थानीय पालिका, प्रदेश परियोजना व्यवास्थापन इकाई, केन्द्रीय परियोजना व्यवास्थापन इकाईमा पेश गर्न सकिनेछ।
- जिल्लाका डिभिजन वन कार्यालयहरु मार्फत पनि गुनासो पेस गर्न सकिनेछ।
- लेख्न नसक्नेहरुले पनि मौखिक रुपमा परियोजनाको व्यवस्थापन लाई आफ्नो मनमा लागेको सुझाव वा गुनासो गर्न सक्नेछ।
- प्रत्येक महिनाको १ गते सुझाव वा गुनासो पेटिका खोलिने छ।
- सुझाव वा गुनासो दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न पनि सक्नु हुनेछ।
- प्रत्येक सुझाव वा गुनासो लाई सकारात्मक रुपमा लिइनेछ र समाधान तर्फ अग्रसर तथा प्रतिवद्धता रहनेछ।

## गुनासो व्यवस्थापन तथा निरुपण




- गुनासोको निरुपण गर्दा पारदर्शीता, स्वीकार्यता र निष्पक्षता कायम गरिनेछ।
- गुनासोलाई यथाशिघ्र सुनुवाई गरि निरुपण गरिनेछ।
- नेपाल सरकार र विश्व बैंकबीच भएको सम्झौता, परियोजनाको घोषित नीति, नियम, परियोजनाबाट तयार वातावारणीय र सामाजिक व्यबस्थापन ढांचा (Environmental and Social Management Framework) निर्देशिकाहरु गुनासो निरुपणका आधारहरु हुनेछन्।
- गुनासो निरुपण गर्दा माथि बुंदा नं.२ बमोजिम संयन्त्रको तहगत संरचना हुनेछ। गुनासो जुन तहको काम कारवाहीका सम्बन्धमा हो, सोहि तह्गत अनुसार शुरु कारवाही भई सुनुवाई हुनेछ। गुनासोलाई केन्द्रीय तहसम्म सुनुवाई प्रबन्ध गरिनेछ। परियोजनाको तर्फवाट भएको निर्णयमा चित्त नबुझेमा प्रचलित कानुन बमोजिम अदालतबाट उपचार पाउने हक सुरक्षित रहने छ।
- भ्रष्टाचार, वदनियत, अनुचित काम कारवाही, लैंगिक, जातीय, भौगोलिक, भाषिक उत्पत्ति, वर्ण, वैवाहिक स्थिति, सम्प्रदाय, क्षेत्र, वैचारिक आस्थाका आधारमा विभेद जस्ता गतिविधि र काम कारवाहीमा शुन्य सहनशीलताको नीति अपनाईनेछ।
- गुनासो पेश गर्दा कुनै शुल्क / दस्तुर लाग्ने छैन।



## गुनासो सम्बोधन गर्नु पर्ने समयरेखा


- स्थानीय स्तर सरकार तथा डिभिजन वन कार्यालय – ३० दिन
- प्रदेश स्तर सरकार – १५ दिन
- संघीय स्तर सरकार – १५ दिन (यदि थप अध्ययन आवश्यक छ भने - ३० दिन, त्यसवाट परिणाम तुरुन्तै कम्तिमा ५ दिन भित्र निर्णय)
- उजुरी सन्तोषजनक रूपमा समाधान नभएमा, कानुनी अदालतमा पुनरावेदन गर्न सकिन्छ।

## गुनासो अभिलेखीकरण तथा प्रतिवेदन

- प्राप्त सुझाव वा गुनासोहरुलाई एउटा छुट्टै रजिष्टर (Log Book) बनाई अभिलेख दुरुस्त राखिनेछ ।
- परियोजनाको क्षेत्राधिकार भित्र पर्ने सुझाव वा सिकायत वा गुनासो लाई तुरुन्त कार्यान्यनमा लगिने र गुनासो निवारण गरिनेछ ।
- यदि क्षेत्राधिकार भन्दा वाहिरको गुनासो सुझाव वा सिकायतको हकमा माथिल्लो निकायमा पठाउने व्यवस्था मिलाउनेछ ।
- यौन दुर्व्यवहार जस्ता कुनै अप्रिय घटना वा दुर्घटना भएको खण्डमा सूचना वा जानकारी प्राप्त गरेको ७२ घण्टामा केन्दीय परियोजना व्यबस्थापन इकाई मार्फत विश्व बैकमा पुग्ने गरी सूचना संप्रेषण गरिनेछ ।

गुनासो सुनुवाई संयन्त्र कुनै पनि परियोजना, आयोजना, संस्थाको पारदर्शिता, जवाफदेहिता, र सेवा गुणस्तर सुधार गर्न आवश्यक प्रणाली हो । यसले सेवाग्राहीका गुनासोलाई उचित रूपमा संकलन, विश्लेषण, र समाधान गर्दै उनीहरूको विश्वास बढाउने भूमिका खेल्छ । यसको कर्तव्य गुनासोलाई निष्पक्ष रूपमा सुन्ने, आवश्यक अनुसन्धान गर्ने, समाधानका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने, र सुधारका उपायहरू लागू गर्ने हो। साथै, सेवाग्राहीको गोपनीयता सुरक्षित गर्दै, निष्पक्षता अपनाउने, र प्रभावकारी सुनुवाइ प्रणालीको सुनिश्चितता गर्ने जिम्मेवारी यो संयन्त्रको प्रमुख कार्य हो । परियोजनाको कार्यान्वयन व्यवस्थापनको निर्देशन अनुसार परियोजनाहरु कार्यान्वयन गर्दा अपनाउनु पर्ने प्रक्रियाको खाका तल चित्रण गरिएको छ।

## गुनासो वा सुझाव व्यवस्थापन तहगत प्रक्रिया




*तयार गर्ने: भगवती खांण (सामाजिक सुरक्षा तथा लैंगिक विज्ञ) र अजित श्रीवास्तव (वातावरणीय सुरक्षा विज्ञ)*